लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः३ मितिः२०८१/०२/११

भाग-२

लेटाङ नगरपालिका

## लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि कार्यविधि, २०८१

# लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।११**
**प्रमाणीकरण मितिः २०८१।०२।११**

**प्रस्तावनाः**

लेटाङ नगरपालिकामा कार्यरत स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न कोशी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि कार्यविधि, २०८१ स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि कार्यविधी,२०८१" रहेको छ।

(२) प्रारम्भ: यो कार्यविधि प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"अख्तियारवाला"** भन्नाले कर्मचारीको नियूक्ति बढुवा र तह वृद्धि गर्न अधिकार प्राप्त प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ख) **"अधिकृत"** भन्नाले लेटाङ नगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ।

ग) **"ऐन"** भन्नाले कोशी प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

घ) **"कर्मचारी"** भन्नाले लेटाङ नगरपालिकामा कार्यरत स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीलाई सम्झनु पर्छ।

ङ) **"कार्यालय"** भन्नाले लेटाङ नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

च) **"कार्यविधि"** भन्नाले लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि कार्यविधि, २०८१ सम्झनु पर्छ।

छ) **"तह वृद्धि"** भन्नाले ऐनको दफा २७ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्छ।

लेटाङ नगरपालिका, मोरङ

ज) **"नगर कार्यपालिका"** भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

झ) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिकालाई सम्झनुपर्छ।

ञ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ट) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

ठ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्छ।

ड) **"लोकसेवा आयोग"** भन्नाले संविधानको धारा २४२ अनुसार गठन भएको आयोग सम्झनु पर्छ।

ढ) **"स्थानीय सरकारी सेवा"** भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको स्थानीय सरकारी सेवालाई सम्झनु पर्छ।

ण) **"सभा"** भन्नाले लेटाङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

त) **"समायोजन ऐन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्छ।

थ) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## तह वृद्धि सम्बन्धी व्यस्था

**३. तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१) स्थानीय सरकारी सेवामा स्थायी नियुक्ती भई कार्यरत कर्मचारी यस दफाबमोजिम तह वृद्धि हुन योग्यता पुगेको भएमा सम्बन्धित सेवा, समूह वा उपसमूहमा पाँचौं तहबाट छैटौं तहमा, सातौं तहबाट आठौं तहमा र नवौं तहबाट दसौं तहमा ऐनको दफा २७ (१) बमोजिम तह वृद्धि गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको तह वृद्धि हुन आवश्यक सेवा अवधी र योग्यताः

क) तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा ५ पाँच वर्षको सेवा अवधि पूरा भएको,



लेटाङ नगरपालिका, मोरङ

ख) पछिल्लो ३ तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९० वा सो भन्दा बढी प्रतिशत अङ्क प्राप्त गरेका,

ग) देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

| क्र. स. | कार्यरत तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौ | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

ग) कार्यविधिको दफा १७ बमोजिम तह वृद्धि रोक्का नभएको,

घ) तह वृद्धि हुने तह भन्दा एक तह मुनिको तहका लागि सेवा प्रवेश र बढुवा तथा तह वृद्धि हुने तहका लागि सेवा समूह अनुसार तोकेको न्यूनतम योग्यता तोकेको पूरा गरेको,

ङ) स्वास्थ्य सेवा सम्बन्धी संघीय र प्रदेश कानुनले तह वृद्धि हुनुभन्दा एक तह मुनिको तहका लागि सेवा प्रवेश र बढुवा तथा तह वृद्धि हुने तहका लागि सेवा समूह अनुसार तोकेको न्यूनतम योग्यता तोकेको पूरा गरेको,

(३) ऐन र कार्यविधि अनुसार तह वृद्धि हुँदा माथिल्लो तहको पद स्वतः सिर्जना भइ तह वृद्धि भएको कर्मचारी सो पदमा पदस्थापन हुनेछ र त्यसरी तह वृद्धि

लेटाङ नगरपालिका, मोरङ

भएको कार्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहको पद कायम हुनेछ।

४. **तह वृद्धि सम्बन्धी विषेश व्यवस्थाः**

(१) ऐनको दफा ५ बमोजिम स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धि ऐनको व्यवस्था अनुसार गरिनेछ।

यस उपदफा अनुसार तह वृद्धि हुने पद स्वतः सृजना हुने छ।यसरी तह वृद्धि भएका कर्मचारीको ज्येष्ठता निर्णय मितिदेखि कायम हुनेछ।

(३) लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई स्थानीय सरकारी सेवामा स्थायी नियुक्ति भई ऐनको दफा (१७) बमोजिम सातौं तहमा तह मिलान भएका कर्मचारीहरूको ज्येष्ठता नियुक्ति मितिदेखि कायम गरी गणना गरिनेछ।

**५.**तह **वृद्धिका लागि सेवा अवधि गणना सम्बन्धी व्यवस्थाः** (१) समायोजन ऐन बमोजिम समायोजन भई स्थानीय सरकारी सेवामा निरन्तर कार्यरत कर्मचारीको तह वृद्धिकालागि सेवा अवधि गणना गर्दा ऐनको दफा (१०) को व्यवस्था अनुसार समायोजन हुनू पूर्वको सम्बन्धित पदको स्थायी सेवा अवधि समेत गणना गरिनेछ।

६. **कामकाजमा खटिएका कर्मचारीको तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१)लेटाङ नगरपालिको दरवन्दीमा पदाधिकार रही कार्यरत रहेका र लेटाङ नगरपालिको दरवन्दीमा पदाधिकार रही कोशी प्रदेश बाहिर वा कोशी प्रदेशको अन्य स्थानीय तहमा कामकाजका लागि खटिएका कर्मचारीलाई लेटाङ नगरपालिकाको तह वृद्धिमा समावेश गरिनेछ।अन्य स्थानीय तहबाट यस नगरपालिकामा कामकाजका लागि खटिएका कर्मचारी नगरपालिकाको दरबन्दीमा पदस्थापन भएको अवस्थामा तह वृद्धि गरिनेछ।

तर यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन बमोजिम जारी हुने नियमावलीमा तोकेको हकमा सोही बमोजिम हुनेछ।

७. **स्थानीय स्वास्थ्य सेवाको तह वृद्धिः** (१) स्थानीय स्वास्थ्य सेवाको समेत यसै कार्यविधि अनुसार तह वृद्धि हुनेछ।

(२) ऐनको व्यवस्था अनुसार स्थानीय स्वास्थ्य सेवाको चौथो तहमा लोक सेवा आयोगको सिफारिसमा स्थायी नियुक्ति भै नगरको स्थानीय सरकारी सेवाको स्वास्थ्य सेवा तर्फ समायोजन भएका, तोकिएको शैक्षिक योग्यता पूरा भएका, ऐन जारी हुँदा ३ वर्ष पूरा भएका कर्मचारीलाई एकपटकका लागि यसै कार्यविधि बमोजिम तह वृद्धि गरिनेछ।

लेटाङ नगरपालिका.मो.गं.

## परिच्छेद-३

## तह वृद्धि प्रकृया सम्बन्धी व्यवस्था

**८. सिफारिस समितिः** (१) ऐन तथा यस कार्यविधि बमोजिम कर्मचारीको तह वृद्धिका लगि ऐनको दफा २७ (४) बमोजिम नगरपालिकामा तपसिल बमोजिमको एक तह बृद्धि सिफारिस समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

ख) नगरपालिकामा कार्यरत बरिष्ठ अधिकृतहरू मध्ये नगर कार्यपालिकाले तोकेको एक महिला सहित २ अधिकृत सदस्य

तर बरिष्ठ अधिकृत आफै तह वृद्धिका लागि निवेदक रहेको अवस्थामा निज बाहेकका अधिकृतहरू मध्येबाट सदस्य तोकिनेछ। समितिमा रहेका अधिकृतहरू मध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको सदस्यले सदस्य सचिव भई कार्य गर्नेछ।

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्रशासन शाखा प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।

(४) बैठक भत्ता नगरपालिकाको अन्य बैठक सरह उपलब्ध गराइनेछ।

**९. समितिको काम, कर्तव्य र अधिकारः** (१) सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख) निवेदन पेशका लागि सूचना प्रकाशित गर्ने।

ग) पेश भएका निवेदन र कागजातहरुको अध्ययन तथा विश्लेषण गरी तह वृद्धिको लागि वर्गिकरण गर्ने।

घ) ऐनको दफा २७(१) एवम् यस कार्यविधिको दफा ३ बमोजिम कर्मचारीको तह बृद्धिको लागि सिफारिस गर्ने।

ङ) तह बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

च) समितिलाई तह वृद्धि सम्बन्धमा कुनै दुविधा उत्मपन्न भएमा सो उक्त विषयमा ऐनक दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

**१०. सूचना प्रकाशन गर्नुपर्नेः**

(१) स्थानीय सेवामा कार्यरत तह वृद्धिका लागि ऐनको दफा २७ एवम् यस कार्यविधिको दफा ३ बमोजिम योग्यता पुगेका कर्मचारीहरूका लागि तह वृद्धि गर्न प्रत्येक आर्थिक वर्षको साउन र माघ १ गतेबाट तह वृद्धि हुने गरी जेठ १५ र मंसिर १५ गते आवश्यक कागजात सहित निवेदन दिन र तह वृद्धि भएको सूचना नगरपालिकाले सूचनापाटी र वेभसाईटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) तोकिएको अवधिभित्र कर्मचारीले देहायका कागजातसहित निवेदन कर्मचारी प्रशासन शाखामा निवेदन पेश गर्नु पर्नेछ।

क) अनुसूची १ को बमोजिमको निवेदन

ख) सुरू स्थायीको नियूक्ति पत्र

ग) समायोजन ऐन अनुसार समायोजन भएको भए सो सम्बन्धी कागजात

घ) अनुसूची २ बमोजिमको सेवाअवधि प्रमाणित हुने फारम

ङ) पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारमको सक्कल प्रतिको गोप्य खामबन्दी वा कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालय खुलेको विवरण,

च) तह वृद्धि हुनका लागि आवश्यक न्यूनतम योग्यताको लब्धाङ्क पत्र, मूल प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

छ) पेशागत व्यवसायिक प्रमाण पत्रको नविकरण भएको पत्र समेत (व्यवसायिक प्रमाणपत्र आवश्यक हुने सेवा समूहका लागि)

ज) समितिले तोके बमोजिमको अन्य आवश्यक कागजातहरू

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ (५), दफा ८(१४) र ८(१६) को व्यवस्था अनुसार तह वृद्धिकालागि समितिले समय तोकी अलग्गै सूचना प्रकाशन गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गर्नेछ।

**११. निवेदन दिनु पर्ने** : तह बृद्धि हुनका लागि ऐन र यस कार्यविधि अनुसार योग्यता पुगेका ईच्छुक संभाव्य कर्मचारीले अनुसुची १ बमोजिमको ढाँचामा तोकिएको मिति भित्र निवेदन पेश गर्नु पर्ने छ ।

**१२. सिफारिस**: (१) ऐनको दफा २७(३) को व्यवस्था बमोजिम समयतालिकामा तह वृद्धि गर्न सिफारिस समितिले कार्यविधिको प्रक्रिया पुऱ्याई तह वृद्धि हुने कर्मचारीको नाम, सेवा, समूह, वृद्धि हुने तह र योग्यताक्रम खुलाई कार्यपालिकालाई तह बृद्धिको लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धी हुनुपूर्वको पदमा भएको स्थायी तथा बढुवा नियूक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता सेवाकालीन तालिमलाई आधार मानी योग्यता क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

**१३. तह वृद्धि गर्नेः** (१)समितिको सिफारिस अनुसार योग्यता क्रम कायम गरी कार्यपालिकाले तह वृद्धिको निर्णय गर्नेछ।

(२) तह वृद्धि भएको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नुपर्नेछ।

**१४. ज्येष्ठता कायमः** ऐन तथा कार्यविधि अनुसार तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता कायम गर्दा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गतेबाट कायम हुनेछ।ज्येष्ठता सम्बन्धी अन्य व्यवस्था ऐन र सेवा समूहको प्रचलित कानून बमोजिम हुनेछ।

**१५. तह वृद्धि सम्बन्धी पत्रः** (१) यस कार्यविधि अनुसार तह वृद्धि भएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ३ बमोजिमको ढाँचामा तह वृद्धि सम्बन्धी नियुक्ति पत्र दिनुपर्नेछ।

**१६. तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधा :**

(१) यस कार्यविधि बमोजिम तह बृद्धि भएका कर्मचारीले तह बृद्धि भएको मितिबाट माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी कार्यालयले निर्धारित ग्रेड सीमा भित्र रही ग्रेड थप गरी सो सहित तलब मिलान गर्नु पर्नेछ।

(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

(४) तह वृद्धि भएका कर्मचारीको ज्येष्ठता ऐनमा व्यवस्था भएको कर्मचारीको हकमा सोही अनुसार अन्यको हकमा तह वृद्धि भएको मितिदेखि गणना गरिनेछ।

**१७. तह बृद्धि गर्न नहुने** : (१) यस कार्यविधि अनुसार देहाय अवस्थाका कर्मचारीको तह वृद्धि गरिने छैन।

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर,

घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको ३ वर्षको अवधिभर,

ङ) असाधरण विदा वा अध्ययन विदामा वसेकोमा सो विदाको अवधिभर,

च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएकोमा व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

(२) ऐन र यो कार्यविधिले तोकेका योग्यता नभएका कर्मचारीले झुटा विवरण पेश गरी तह वृद्धि भएमा त्यसरी भएको तह वृद्धि रद्ध गरी ३ वर्षको अवधि सम्म तह वृद्धि रोक्का गरिनेछ।

**१८. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम नगरपालिकामा भए गरेको कर्मचारीको तह वृद्धि सम्बन्धी जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश कितावखाना, कोशी प्रदेश मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ।

**१९. उजुरी र गुनासोः** (१) नगरपालिकाले गरेको तह वृद्धि सम्बन्धी कार्य उपर चित्त नबुझेमा सम्बन्धित कर्मचारीले तह वृद्धि सम्बन्धी निर्णय सम्बन्धी सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र नगरपालिकामा रितपूर्वक उजुरी र गुनासो गर्नसक्नेछ।

(२) परेको उजुरी सम्बन्धमा प्रदेश लोक सेवा आयोगको परामर्शमा निर्णय गर्नेछ।

(३) तर उजुरी र गुनासो सम्बन्धमा प्रदेश लोक सेवा आयोगले गरेको निर्णय नगरपालिका र निवेदकले कार्यान्वयन तथा पालना गर्नुपर्नेछ।

## परिच्छेद-४
## विविध

**२१. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

लेटाङ नगरपालिका, मोरङ

२२. यस कार्यविधिमा उल्लेख भएका विषयहरू कार्यविधि बमोजिम र अन्य विषयहरू ऐन बमोजिम हुनेछ।

**२३. कार्यविधि परिमार्जन:** कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी प्रदेश लोक सेवा आयोगको परामर्श समेतको आधारमा परिमार्जन गर्न सक्नेछ।

२४. **विविधः** कार्यविधिमा कर्मचारीको सेवा सर्त सम्बन्धी व्यवस्थाहरू सघीय तथा प्रदेश कानूनसँग बाझिएमा त्यसरी बाझिएको व्यवस्थाहरू संघीय वा प्रदेश कनूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**२५. बचाउः** यो कार्यविधि प्रारम्भ हुनु भन्दा पहिले प्रचलित कानुन, स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० र लेटाङ नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८० बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिने छ।

लेटाङ नगरपालिका, मोरङ

अनुसूची १

(कार्यविधिको दफा १० (२) क सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : ..../ ... /...

श्रीमान अध्यक्ष ज्यू,

तह वृद्धि सिफारिस समिति, लेटाङ नगरपालिका, मोरङ।

विषय: तह वृद्धि हुन पाउँ भन्ने विषयमा।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह बृद्धि सिफारिस समितिको मिति ....../ ..... / .... गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको सेवा, समूह, स्तर र तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम म देहाय बमोजिमको स्तर र ......... तहमा तहबृद्धि हुन योग्य रहेको हुँदा लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि कार्यविधि, २०८१ अनुसार ........... तहमा तह वृद्धि हुन देहायको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

तपसिलः

१. स्थायी नियूक्तिको पत्र ।
२. बढुवा/ तह बृद्धि भएको पत्र ।
३. समायोजन पत्र ।
४. नेपाली नागरिकताको प्रमाण पत्र ।
५. शैक्षिक योग्यताको प्रमाण पत्रहरू थान..... ।
६. सम्बन्धित कार्यालयबाट सेवा अवधि खुल्ने पत्र
७. ३ वर्षको का.स.मू. रहेको कार्यालयको नाम .........................................।
८. व्यवसायिक परिषद्को दर्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यक पर्ने सेवा समूहको लागि मात्र )

निवेदकको विवरण :

| | |
|---|---|
| नामथर : | सुरु नियूक्ति मिति: |
| पद/स्तर: | हालको पदमा तह बृद्धि/ बढुवा मिति: |
| तह: | समायोजन मिति: |
| सेवा: | कर्मचारी संकेत नं. |
| समूह: | कार्यरत कार्यालय: |

माथि उल्लिखित सबै बेहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

नाम:

दस्तखत:

क.सं. नम्बर :

अनुसूची २

दफा १०(२) घ सँग सम्बन्धित

उमेद्वारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्वन्धी फाराम

१. कार्य अनुभव सम्बन्धी विवरण

कर्मचारीको नाम :

स्थायी नियूक्ति मिति :

समायोजन मिति :

तह वृद्धि मिति :

| क्र.सं. | कार्यालयको नाम र पूरा ठेगाना | सेवा/समूह/ उपसमूह | श्रेणी/स्तर/तह | कार्यरत अवधि | | जम्मा अवधि | | | भौगोलिक क्षेत्र (वर्ग) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| जम्मा अवधि | | | | | | | | | |

२. बिदा सम्बन्धी विवरण

| क्र.सं. | विदाको किसिम | बिदाको अवधि | | जम्मा अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| १ | अध्ययन | | | | | | |
| २ | असाधारण | | | | | | |
| ३ | वेतलबी | | | | | | |

३. सजाय सम्बन्धी विवरणः भए/नभएको खुलाउने

माथि उल्लिखि विवरण सत्य छन् ।निवेदन बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन।मैले पेश गरेको विवरण झुटा ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु र बुझाउनेछु ।

| दाँया | बाँया |
|---|---|
| | |

उम्मेद्वारको दस्तखत

नामः

मितिः

प्रमाणीत गर्ने कार्यालय प्रमुखको

दस्तखतः

नाम, थरः

पद/दर्जाः

मिति कार्यालयको छाप

लेटाङ नगरपालिका, मोरङ

अनुसूची ३

(कार्यविधिको दफा १५(१) सँग सम्बन्धित)

तह बृद्धि पत्रको ढाँचा

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय मोरङ

पत्र संख्या: मिति : ..................

चलानी नं.

श्री.........................................

...स्तर र ... तह

कर्मचारी संकेत नम्बर:

विषय: तह बृद्धि गरिएको सम्बन्धमा ।

महासय,

तपाईंलाई नगर कार्यपालिकाको मिति ....।.. ।.. गतेको निर्णायानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ एवम् लेटाङ नगरपालिकाको कर्मचारी तह बृद्धि कार्यविधि, २०८१ को दफा ३ (१) बमोजिम मितिः ............... गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानीय सरकारी सेवामा तपसिल बमोजिम तह बृद्धि गरिएको छ ।

स्थानीय सरकारी सेवाको ..................... तहमा तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई छ।

तपसिल

| सााविकको पद/स्तर/तह | बृद्धि गरिएको पद/स्तर/तह |
|---|---|
| नामथर : | नामथर : |
| पद: | पद: |
| स्तर/तह: | स्तर/तह: |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| कार्यरत कार्यालय: | कार्यरत कार्यालय: |

<u>बोधार्थ</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश बिराटनगर मोरङ।

श्री राष्ट्रिय किताबखाता (निजामती) पूल्चोक ललितपूर।

श्री प्रदेश लोकसेवा आयोग, बिराटनगर मोरङ।

श्री प्रदेश किताबखाना, बिराटनगर मोरङ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ।

श्री कर्मचारी सञ्चयकोष, बिराटनगर, मोरङ।

श्री नागरिक लगानी कोष, बिराटनगर, मोरङ।

श्री आर्थिक प्रशासन शाखा, लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लेटाङ, मोरङ।

लेटाङ नगरपालिका, मोरङ

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१।२।११

लेटाङ नगरपालिका, मोरङ